जि.का.सप्तरी द.नं. ३(२०३९/०६/१८)-०३९/०४० म.नि.वि.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक ४५ २०८१ साल असार १६ गते आइतवार (30 June 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** बाढीका कारण सयौं घर ... **पृष्ठ ३ मा :** मानव अधिकार वर्ष पुस्तक ... **पृष्ठ ५ मा :** १८ वर्षिय किशोरदेखी ७५ वर्षिया ... **पृष्ठ ५ मा :** पानामा पेपर्स मुद्दामा २८ ...

## युवाहरुले सडकमै धान रोपे



**राजविराज**/जीर्ण अवस्थामा रहेको राजविराज-रुपनी सडक खण्डको अविलम्ब स्तरोन्तीको माग गर्दै बिरोध स्वरुप शनिबार यूवाहरुले सडकमै धान रोपेका छन् ।

सप्तरी युथ नेपालको अगुवाइमा राजविराज-रुपनी सडक खण्डको बिहारपुरमा यसरी यूवाहरुले सडकमै धानको बिउ रोपेका हुन् ।

पटक-पटक सम्बन्धित निकायलाई घचघचाउँदा पनि कुनै सुनुवाई र चासो नदेखाएकोले सांकेतिक बिरोध स्वरुप सडकमै धानको बिउ रोपेर बिरोध जनाउनुका साथै सरोकारवाला सबैको ध्यानाकर्षण गराउन खोजिएको सप्तरी युथ नेपालका कार्यवाहक अध्यक्ष मोहन यादवले बताए ।

राजविराज-रुपनी सडक खण्ड अति जीर्ण अवस्थामा छ । खाल्डैखाल्डा परेका कारण सवारीसाधन मात्र होइन, पैदल यात्रुलाई समेत आवतजावतमा समस्या छ रहेको भन्दै यूवा अभियन्ता मो. अनवर अलीले भने, "खाल्डाखुल्डी कै कारण दिनहुँजसो दुर्घटना समेत हुने गरेको छ ।"

सडक जोखिमपूर्ण अवस्थामा रहेकोले आपतकालिन अवस्थामा रहेका बिरामीलाई सो सडकमार्गबाट राजविराज वा अन्य अस्पताल पुऱ्याउन पनि सास्ती भएको स्थानीयको गुनासो छ ।

राजविराजको गिता पेट्रोल पम्पदेखी बिहारपुरको ५ सयमिटर सम्मको सडकमा मात्रै दर्जनौं खाल्डाखुल्डी छन् । यसका अलावा राजविराजदेखी रुपनी सम्मको १० किलोमिटरमा झण्डै ५ किलोमिटर सडक जीर्ण अवस्थामा छन् । सडक चौडाई र कालोपत्रे गर्ने जिम्मा पाएको निर्माण कम्पनीले समयमै निर्माण काम सम्पन्न गर्न तदारुकता नदेखाउँदा अहिले वर्षायाममा जोखिम झनै बढाएको बिहारपुरवासी युवा नेता अमरनाथ मण्डलले सुनाए ।

वर्षाको पानीले हिलाम्मे बनेको सडकमा २ सय भन्दा बढी धानको बिउ रोपिएको अर्का युवा दिपेन्द्र दासले बताए । सप्तरी युथ नेपालको उक्त बिरोध कार्यक्रममा स्थानीयले पनि समर्थन जनाएका छन् । दुई घण्टाको बिरोधमा विभिन्न राजनीतिक दलका युवाहरुले पनि सहभागिता जनाए ।

## प्रेस युनियनद्वारा महासंघको सप्तरी शाखामा तालाबन्दी



**राजविराज**/नेपाल प्रेस युनियन शाखा सप्तरीले शनिबार पत्रकार महासंघ शाखा सप्तरीमा सप्तरीमा तालाबन्दी गरेको छ । युनियन सप्तरीका कोषाध्यक्ष रामनारायण यादवको नेतृत्वमा तालाबन्दी गरिएको हो ।

महासंघ केन्द्रिय कार्यालयले सदस्यता विवाद समाधान गरी विधान अनुसार निर्वाचन प्रक्रिया अघि बढाउन पटक-पटक आग्रह गर्दा पनि जबरजस्ती रुपमा मतदाता नामावाली सार्वजनिक गरि अलोकतान्त्रिक शैलीमा निर्वाचन गराउने प्रयत्न गरेको भन्दै सो तालाबन्दी गरिएको जनाइएको छ ।

पत्रकार महासंघ शाखा सप्तरीले सदस्यता शुद्धिकरणको नाममा अधिकांश यूनियनका क्रियाशिल पत्रकार सदस्यहरुलाई हटाएर सार्वजनिक गरिएको नामावली स्वीकार्य नहुने भन्दै शाखाबाट नवीकरणका लागी सिफारिस नगरिएका सदस्यहरुले केन्द्रीय कार्यालयको सर्कुलर अनुसार प्रदेश र केन्द्रीय कार्यालयमा उजुरी दिएपनि त्यसलाई नहेरी तथा उजुरी नदिएका केही सदस्यहरुलाई केन्द्रीय कार्यालयले एक पक्षीय रुपमा सदस्यता थप गरी निर्वाचन प्रक्रिया अघि बढाएकोले महासंघको सम्पूर्ण निर्वाचन प्रक्रिया अवैध रहेको ठहर गर्दै प्रेस यूनियन शाखा सप्तरी आन्दोलित भएको जनाइएको छ ।

महासंघकै शाखा र प्रदेश समितिले सिफारिस गरेका तथा योग्यता पुगेका आवेदकहरुलाई हटाएर मतदाता नामावली सार्वजनिक गरेकाले प्रेस यूनियन शाखा सप्तरीले पत्रकार महासंघको कार्यालयमा तालाबन्दी गरेको स्पष्ट पारेको छ ।

यस्तो गम्भीर परिस्थतिमा महासंघको कुनै पनि निर्वाचन प्रक्रिया अगाडि नबढाउन महासंघको नेतृत्व र निर्वाचन समितिलाई प्रेस यूनियन शाखा सप्तरी चेतावनी समेत दिएको छ ।

## मन्सापुरमा धान दिवस मनाइयो



**राजविराज**/२१ राष्ट्रिय धान दिवसको अवसरमा सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ७ मन्सापुरमा शनिबार धान रोपेर दिवस मनाइएको छ ।

"जलवायुमैत्री कृषि धान उत्पादनमा वृद्धि" नाराका साथ तिलाठी कोईलाडी गाउँपालिकाको कृषि विकास शाखाद्वारा सेभ द सप्तरीसँगको सहकार्यमा धान दिवस मनाइएको हो ।

सो अवसरमा मन्सापुरस्थित कमलेश्वरी कृषक समूहको समन्वयमा कृषकद्वारा रोपाईको लागि तयार पारिएको खेतमा धान रोपाईं गरिएको हो ।

सो अवसरमा गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल, प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार कर्ण, वडा अध्यक्षहरु दिनेश्वर मिश्र, मुनिलाल मुखिया, ललन प्रसाद राउत र हरिनारायण मण्डल, कृषि विकास अधिकृत उदयकान्त झा, सेभ द सप्तरीका अध्यक्ष ध्रुव देव लगायतको सहभागिता रहेको गाउँपालिकाका सूचनाअधिकारी राजेश कुमार झाले जानकारी दिएका छन् ।

धान रोपाईंपछि दही, च्यूरा र आँप समेत खुवाइएको थियो । रोपाई तथा दही च्यूरा खाने कार्यक्रममा विभिन्न बिषयगत शाखाका कर्मचारीहरु, सेभ द सप्तरीका पदाधिकारी तथा कर्मचारीहरु, वडा सचिवहरु, कृषक तथा पत्रकार समेतको सहभागिता रहेको थियो ।

## चुरे संरक्षण गरौं

चुरे पहाडको सबैभन्दा उत्तरमा रहेको महाभारत पर्वत सीमादेखि दक्षिणमा नेपाल भारतको सिमाना सम्मको चुरे, भावर र तराई भूमिलाई चुरे क्षेत्र भनिन्छ । हिमालय पर्वत श्रृङ्खलाबाट बगेर आएका सामग्रीले बनेको सब भन्दा कान्छो, कमलो र कमजोर पर्वत श्रृङ्खला रहेको क्षेत्र हो । तराई-मधेश र भित्री तराईका जिल्लाहरुको वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदा दिएको छ ।

चुरे विनासको प्रमुख कारण अन्यवस्थित बसोवास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदी जन्य पदार्थको दोहन, अनियन्त्रित भौतिक पूर्वाधार निर्माण भू-क्षय हो । चुरे नासिनु भनेको तराई मधेशको मानव जीवन सङ्कटमा पर्नु हो । चुरे क्षेत्रमा पोखरी निर्माण गरी जल सञ्चय, वृक्षारोपण र पानीका स्रोतहरु पुनसिर्जना तथा नदी प्रणाली संरक्षण गर्नु आवश्यक छ । चुरेलाई मरु भूमिकरण हुनबाट जोगाउन आजैदेखि जुटौं ।

डिभिजन वन कार्यालय

राजविराज, सप्तरी

## सम्पादकीय

### महिला अधिकारको संरक्षण गरौं

सरकारले महिलाहरुका लागि छुट्टै आरक्षणको व्यवस्था गरेपनि अधिकांश निकायमा अझै महिलाहरु आफ्नो अधिकारका लागि लड्न बाध्य छन् । विभिन्न संघसंस्थाहरुमा ३३ प्रतिशत महिलालाई आरक्षण दिने भनिए पनि त्यो कार्यान्वयन हुन सकेको छैन् । नयाँ नेपालको सपना बोकेको हामी नेपाली यसरी महिलाको नाउँमा पक्षपात गरिरहेको छौं की कानुनले छुट्याएको अधिकार दिन पनि कन्जुस्याई गर्छौं ।

यता महिलाहरु आफ्नो अधिकारबाट बञ्चित भइरहँदा उनीहरुलाई अझै विभिन्न हिंसाबाट पीडित समेत बन्दै गएका छन् । विभिन्न निकायहरुबाट सार्वजनिक गरिने प्रतिवेदनमा बालिकादेखि वृद्धासम्म बलात्कारको शिकार हुने गरेको उल्लेख भएको पाइन्छ । महिला अस्मिता रक्षा र महिला अधिकारको संरक्षणले पार्न सभ्य समाजको निर्माण हुन्छ । यस्ता घटनाले महिला जगतलाई आतंकित आउँछ भने सम्पूर्ण सभ्य समाज यस्ता कुकृत्यले स्तब्ध र आक्रोशित बन्नु स्वाभाविक हो । महिलालाई बोक्सीका नाममा, विधुवाका नाममा र यस्ता अनेकानेक घटनाहरुमा प्रताडित, उपभोग र तिस्कृत गरिने घटनाहरु हाम्रा अगाडि दिनहुँ जसो आइरहेका हुन्छन् ।

तसर्थ यस्ता अन्यायहरुप्रति हामी अगाडी बढ्नै पर्छ । महिला अधिकारका लागि लड्न हामी अग्रसर हुनुपर्ने जरुरी छ भने यस्ता विषदन्त समाजबाट उखल्नै पर्छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# बाढीका कारण सयौं घर डुवानमा, सडक र पुल भत्किए



**राजविराज**/बुधबार बिहान भएको भारी वर्षाका कारण सप्तरी जिल्लाको विभिन्न स्थानमा गरी दुई सयभन्दा बढी घर डुवानमा परेका छन् भने विभिन्न सडक र पुलहरु भत्किएको छ ।

खाँडो नदीको बाढी पस्दा सप्तरीको रुपनी गाउँपालिका वडा १ मा ५० भन्दा बढी घर डुवानमा परेको छ । बाढीले शम्भुनाथ नगरपालिकाको सीमामा रहेको तटबन्ध भत्काएर बस्तीमा प्रवेश गरेपछि सो वडाका ५० भन्दा बढी घर डुवानामा परेको छ ।

यस्तै भारी वर्षाले शम्भुनाथ नगरपालिकाको वडा नं. २, कंचनरुप नगरपालिकाको वडा नं. ३ र ११, तिरहुत गाउँपालिकाको वडा नं. १ र २, तिलाठी कोइलाडी गाउँपालिकाको वडा नं. ३, ४ र राजविराज नगरपालिकाको विभिन्न वडाका गरि ५० भन्दा बढी घर डुवानमा परेको छ ।

राजविराज नगरपालिकाका विभिन्न वडाका गरि ५० भन्दा बढी घरमा ३ फिट सम्म पानी जमेको छ । हनुमाननगर कंकालिनी नगरपालिकाको साप्ताहिक हटिया लाग्ने स्थानसँगै आफूहरुको घरआंगनबाट समेत कोशी बगिरहेको स्थानीयवासी कुशेश्वर यादवले बताए । घरमा पानी छिरेपछि केही सामान लिएर आफन्तकहाँ आश्रय लिन बाध्य भएको उनले सुनाए ।

खाँडो नदीको बाढीले तिलाठी कोइलाडी गाउँपालिकाको बेल्ही, सकरपुरा र सरदार टोलका दुई दर्जन घर डुबेका छन् । बर्षाको कारण सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा जितानदीको बाढीले वडा नं. ७ नवटोलियाको सरदार बस्ती डुबानमा परेको छ ।

बाढीको कारण सरदार बस्तीको २५ घरमा बाढी पस्दा जनजीवन कष्टकर भएको छ । पानीले जिता नदीमा बाढी आउँदा सरदार टोलको जनजीवन अस्तब्यस्त भएको हो । जिता नदीमा आवतजावतको लागि गाउँपालिकाले निर्माण गरेको बाँसको पुल (चचरी) बगाएको छ । चचरी बगाउँदा सरदार बस्तीका बासिन्दालाई आवतजावतमा समस्या भएको छ ।

यसैगरी जितानदीले वडा नं. ७ मै बाँध भत्काउँदा वडा नं. ५ को. बर्साइनको करिब दुई सय विघा जग्गा डुबानमा परेको छ । बाँध भत्काएर बाढी पस्दा रोपाई गरिएको खेत डुबानमा परेको छ । जिता नदीले तीन ठाउँमा बाँध भत्काएको छ ।

खाँडो नदीकै बाढीले कंचनरुप नगरपालिका १ मा पर्ने वैरवा-पोर्ताहा सडक खण्डमा ठाउँ ठाउँमा सडक क्षतिग्रस्त बनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बाढीको जोखिममा रहेका सबै स्थानमा सम्बन्धीत पालिका प्रमुखसँगको समन्वयमा सुरक्षाकर्मी परिचालन भइ आवश्यक काम गरिरहेको बताएका छन् । उनले वर्षाले विभिन्न पालिकाका घरहरु डुवानमा परे पनि मानविय क्षति भने नभएको जनाएका छन् । उनले महुली खोलाको बाढीले कंचनरुप नगरपालिकामा २ सयमिटर तथा तिरहुत गाउँपालिकामा १ सय मिटर बाँध भत्काएको जानकारी समेत दिएका छन् ।

यता लगातारको वर्षाले खाँडो, सप्तकोशी, त्रियुगा, खडक, जिता लगायतका नदी खोलामा जलसतह बढ्दै गएकोले आसपासका बासिन्दालाई आवश्यक सतर्कता अपनाउन स्थानीय प्रशासनले आग्रह गरेको छ ।


## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर** : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर** : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर** : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु** : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र** : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह** : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं ।**

जनहीतका लागि

**उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय मधेश प्रदेश**
**पर्यटन विकास कार्यालय लहान, सिरहा**

# मानव अधिकार वर्ष पुस्तक
# स्थितिसूचक जनवरी-जुन २०२४, सप्तरी

*मनोहरकुमार पोखरेल*

सप्तरीमा सन् २०२४ को जनवरीदेखि जुनसम्म ६ महिनाको अवधिमा ७० ओटा घटना अभिलेख भएको छ। सन् २०२३ मा १८१ घटना अभिलेख भएको थियो। सन २०२२ मा ९०, सन २०२१ मा १०० र सन २०२० मा १३७ घटना अभिलेख भएको थियो।

सन २०२२ मा १२ जनाको र २०२३ मा १९ जनाको हत्या घटना अभिलेख भएकोमा सन २०२४ को ६ महिनाको अवधिमा ९ जनाको हत्या घटना अभिलेख भएको छ। जसमा७ पुरुष र २ महिला छन्। पुरुषहरुमा १८, १९, २५, ३२, ५६, ६५ र ६८ वर्षीय र महिलामा ७० र ७५ वर्षीया जेष्ठ नागरिकको हत्या घटना भएको छ।गैरराज्य पक्षबाट भएका ती घटनामा आरोपित २४ जना छन्। एक घटनाको रहस्य खुलेको छैन्। आरोपितमध्ये १ छिमेकीलाई जन्मकैद भएको छ। १ पूर्व सशस्त्र प्रहरी, १ छोरा र ३ साथी पुर्पक्षका लागि थुनामा छन्। छिमेकीहरु १६ जना फरार छन्। छिमेकी १ महिला साधारण तारेखमा रिहा भएकी छिने। व्यवसायी औरंगजेबको हत्या आरोपमा १ जना असार ५ गते अर्को १ जना असार १३ गते पक्राउ परेका छन्। ती घटनामध्ये राजविराज नगरपालिका-१३ का १९ वर्षीय सुनिलकुमार यादवको जेठ ३ गते हत्या भएको भन्दै मृतककी आमाले जिप्रकामा दिएको उजुरीको रहस्य खुलेको छैन्। राजविराज नगरपालिका-१३ र १२ का वडा अध्यक्षको नेतृत्वमा जेठ ८ गते जिप्रका पुगेका स्थानीयबासीले सो घटनाको अनुसन्धान गर्न माँग गरेका छन्।

राजविराज नगरपालिका-१३ विषहरियामा २०८० माघ ८ गते भएको मधेस प्रदेश कृषि विश्वविद्यालय भवनको भूमिपूजन तथा शिलान्यास कार्यक्रममा प्रहरीको लाठीचार्जबाट कृषि बिश्वबिद्यालयका सहकुलपति तथा सिनेटका अध्यक्ष समेत रहेका मधेस प्रदेश सरकारका तत्कालिन शिक्षा तथा संस्कृति मन्त्री राजविराज नगरपालिका-९ मलेठका ४९ वर्षीय महेशप्रसाद यादवको टाउको फुट्यो। प्रहरीको लाठीचार्जबाट मधेस प्रदेश सांसदहरु तिलाठी कोइलाडी गाउँपालिका-४ कोइलाडीका ४१ वर्षीय सतिशकुमार सिंह (हाल मुख्य मन्त्री), सप्तकोशी नगरपालिका-९ की ३४ वर्षीया रंजु कुमारी मण्डल खंग (हाल प्रदेश मन्त्री), सिरहाको मिर्चैया नगरपालिका-१० की २९ वर्षीया भाग्यश्री कुमारी चौधरीलगायत २१ जनालाई समेत चोटपटक लाग्यो। बिरोध र बिबादका बीच बिश्वबिद्यालय भवनको शिलान्यास र भूमिपूजन मुख्यमन्त्री सरोजकुमार यादव र जसपा अध्यक्ष उपेन्द्र यादवबाट भयो।

यो ६ महिनामा बालिका बलात्कारको १२ घटनामा १४ देखि १७ वर्षका १२ जना पीडित छन्। जसमा १ जना अपाङ्गता बालिका छिन्। सन् २०२३ मा बालिका बलात्कारको २२ घटनामा १४ देखि १८ वर्षका पीडितमध्ये २ जना अपाङ्गता र १ जना सुस्त मनोरोगी बालिका थिइन्। सन २०२२ मा बलात्कारको १९ घटनामा ९ देखि १८ वर्षका २१ जना बालिका पीडित भएकथिइन्। सन २०२१ मा बालिका बलात्कारको १६ घटनामा ५ र ६ देखि १८ वर्षका १७ जना पीडित भएकी थिइन्। यो ६ महिनामा राजविराज-८, कञ्चनरूप-१, शम्भुनाथ-१, सुरुङ्गा-३, हकनपा-१, डाक्नेश्वरी नगरपालिका-१ र २, तिलाठी कोइलाडी ३ र ८, महादेवा गाउँपालिका-४ तथा अग्नीसाइर कृष्णसवरन गाउँपालिका-२ र ५ मा बालिका बलात्कारका घटना भए। आरोपित १५, १६ वर्षदेखि ३० वर्षका १२ जना छन्। जसमा पुर्पक्षका लागि थुनामा ३ जना, बालसुधार गृहमा १ जना र फरार ६ जना छन्। जेठ ३१ गते २० वर्षीय र असार ७ गते २३ र २५ वर्षीय २ युवक गिरफ्तार भए।

सन २०२२ मा बलात्कारका ७ घटनामा १८ माथि ४० वर्षसम्मका ७ जना महिला पीडित थिइन् र उक्त घटनामा १९ देखि ४५ वर्षका १० जना आरोपित थिए। सन २०२३ मा २१ घटनामा १८ देखि ५५ वर्षका पीडित र १७ देखि ६० वर्षका २४ जना आरोपित थिए। इप्रका कञ्चनरूपको हिरासतमा बलात्कार भएको भनी प्रहरी अधिकृतसहित २ जना विरुद्ध परेको उजुरी प्रहरीले भ्रमपूर्ण उजुरी भन्दै भदौ ३१ गते तामेलीमा राखेको छ। त्यस वर्ष कञ्चनरूप-२, ५ र १०, सप्तकोशी-१, शम्भुनाथ-७ र ७, बोदे बर्साइन-६, सुरुङ्गा-३ र ९, खडक-५, डाक्नेश्वरी-५, ६ खडक-६ र १०, महादेबा-२, ४ रूपनी-६, छिन्नमस्ता-३, बलान बिहुल-४ मा घटना भएको थियो। यो वर्षको ६ महिनामा भएको महिला बलात्कारका २ घटनामध्ये पहिलोमा ५२ वर्षीया महिलालाई २०८० पुस २९ गते बोदे बर्साइन नगरपालिका-९ महनौरीका ३६ वर्षीय युवकले बलात्कार गरेको भन्दै माघ १ गते इप्रका कडरबोनामा उजुरी परेको छ। माघ २ गते गिरफ्तार भएका आरोपित जिल्ला

*बाँकी चार पृष्ठमा*


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**

**शम्भुनाथ नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

सप्तरी, मधेश प्रदेश

जलश्रोत तथा सिंचाई कार्यालयको आग्रह

पानीको आवश्यक्ता अनुसार मात्रै प्रयोग गरौं। पोखरी, नदी, खोला, नहरको डिल नभत्काऔं। यस्ता जलाशयको सबै मिली संरक्षण गरौं। खोला र नदी आसपासका साथै आफ्ना घर वरिपरी बृक्षारोपण गर्ने गरौं। चुरे क्षेत्रको रुखहरु जथाभावी तरिकाले कोहि पनि नकाटौं र, काट्न नदिऔं। चुरे क्षेत्रको सबै मिली संरक्षण गरौं। बालुवा, गिट्टी, ढुँगाजस्ता नदीजन्य सामग्रीको जथाभावी उत्खनन् नगरौं।

**अनुरोधकर्ता**

**जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय**

**सप्तरी, राजविराज**

**बाढी/पहिरोबाट सतर्क रहौं।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**रुपनी गाउँपालिका, सप्तरी**

## मानव अधिकार...

न्यायाधीश उदवीर नेपालीको इजलाशबाट माघ २८ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्। अर्को घटनामा ४१ वर्षीया महिलालाई २०८१ जेठ १९ गते डाक्नेश्वरी नगरपालिका-१० का ४० वर्षीय युवकले बलात्कार गरेको भन्दै इप्रका कल्याणपुरमा जेठ १९ गते उजुरी परेको छ। जेठ १९ गते गिरफ्तार भएका आरोपित जिल्ला न्यायाधीश नवीनकुमार जोशीको इजलाशबाट असार १२ गतेदेखि पुर्पक्षमा लागि कारागारमा थुनामा छन्। यस्तै १ घटनामा वैवाहिक बलात्कार भएको भन्दै २१ वर्षीया महिलाले दिएको उजुरीमा चैत १४ गते गिरफ्तार भएका २८ वर्षीय उनका पति जिल्ला न्यायाधीश नविनकुमार जोशीको आदेशमा वैशाख ६ गतेदेखि पुपर्क्षका लागि राजविराज कारागारमा थुनामा छन्।

बलात्कार प्रयासको आरोपमा १९ वर्षीया युवतीले दिएको उजुरीमा जेठ ६ गते गिरफ्तार विष्णुपुर गाउँपालिका-७ का २१ वर्षीय युवक न्यायाधीश नविनकुमार जोशीको इजलाशबाट जेठ २८ गते धरौटीमा रिहा भए।ससुराविरुद्ध यौन दुर्व्यवहारको घटनामा इप्रका कञ्चनरुपले कारवाही नगरेको भन्दै पीडितले जिल्ला अदालतमा जेठ २३ गते उजुरी दर्ता गरेकी छिन्। अर्को एक घटनामा महादेवा गाउँपालिका-१ चिम्टीमा सञ्चालित स्नेह केन्द्र (महिला मैत्री सुरक्षित स्थल)मा कार्यरत मनोविमर्शकर्ता (महिला)हरुलाई २०८१ असार ९ गते मध्यराति सोही ठाउँस्थित सरदार टोलका ४ युवकले अश्लिल भाषा प्रयोग गरी ढोका खोल्न दवाव दिई मौखिक यौनजन्य दुर्व्यवहार गर्दै इच्छाविरुद्धको यौनजन्य प्रस्तावहरु राखेको भन्दै पीडितहरुले जिल्ला प्रहरी कार्यालयमा कारवाहीका लागि र असार १२ गते जिल्ला प्रशासन कार्यालयमा शान्ति सुरक्षाको लागि निवेदन दिए। आरोपितहरु गिरफ्तार भएका छैनन्। मानव बेचविखनको आरोपमा ४० वर्षीया महिला जेठ २८ गते गिरफ्तार भइन्।१८, २८, ३०, ३५ र ३५ वर्षीया ५ महिलालाई राजविराज-८ स्थित लक्ष्मी गेस्ट हाउसमा वेश्यावृतिमा लगाई आर्थिक लाभ लिइरहेको आरापमा गिरफ्तार उनलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ अन्तर्गतको कसुरमा अनुसन्धान र कारवाही प्रकृया अगाडि बढेको छ।

अस्वहविवाहको घटनामा कमी आएको छैन्। सन् २०२१ मा ९, २०२२ मा १३ र २०२३ मा १८ घटना अभिलेख भएकोमा यो वर्ष को सुरुको ६ महिनामा ७ घटना अभिलेख छ। बहुविवाहको आरोपमा ०८१ जेठ २४ गतेको अदालतको आदेशमा सप्तकोशी नगरपालिका-१ फत्तेपुरका २९ वर्षीय अजयकुमार ठाकुर पुर्पक्षका लागि थुनामा र सुनिता चौधरी धरौटीमा रिहा भइन्। बिष्णुपुर गाउँपालिका-६ का २८ वर्षीय शिवशंकर साह र डाक्नेश्वरी नगरपालिका-९ मकरी लक्ष्मणपट्टीकी २२ वर्षीया सन्तोषी यादव फरार छन्। हकनपा-१ भलुवा टोलका २५ वर्षीय शंकर रजक र १९ वर्षीया प्रतिमा कुमारी इशर चैत ४ गते गिरफ्तार भए। न्यायाधीश श्यामबिहारी मौर्यको इजलाशबाट जेठ ३१ गते बालविवाह कसुरमा शंकर र प्रतिमालाई जनही २२ दिन कैद र १० हजार रुपियाँ जरिवाना भयो भने बहुविवाहमा शंकरलाई १ वर्ष ३ महिना कैद र १५ हजार रुपियाँ जरिवानाको फैसला भयो। बहुविवाहमा वैशाख १३ गते गिरफ्तार भएका कञ्चनरुप नगरपालिका-८ का २८ वर्षीय सोमन कुमार पासमान न्यायाधीश मणिराम न्यौपानेको इजलाशबाट जेठ ६ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा र सिरहाको लहान नगरपालिका-२० की २५ वर्षीया संगीता कुमारी पासमान ३५ हजार रुपियाँ धरौटी राखेर पुर्पक्षका लागि तारेखमा रिहा भइन्। शम्भुनाथ नगरपालिका-६ कठौनाका ३५ वर्षीय रुदल सदासँग न्यायाधीश संजिब पोखरेलको इजलाशले वैशाख ४ गते माँग गरेको ३५ हजार रुपियाँ धरौटी तिर्न नसकी कारागारमा थुनामा छन् भने चन्देश्वरी सदाले ५ हजार रुपिया धरौटी राखी पुर्पक्षका लागि रिहा भएकी छिन्। हकनपा-१ का ४० वर्षीय श्यामकुमार राउत न्यायाधीश मणिराम न्यौपानेको इजलाशले वैशाख १३ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्। अर्का आरोपित अजमेरी पुर्पक्षका लागि १ लाख १८ हजार रुपियाँ धरौटी ०८१ वैशाख १६ गते बुझाएर तारेखमा रिहा भइन्। राजविराज नगरपालिका-१५ देउरी भरुवाका २५ वर्षीय अनिलकुमार पण्डित असार ५ गते गिरफ्तार भए भने १८ वर्षीया शियाकुमारी भारतको विहार प्रान्त सुपौल जिल्ला थाना निर्मली ग्राम लक्ष्मनिया-४ स्थित माइत फरार भइन्।

सन २०२४ मा बालविवाहको ९ घटना अभिलेख भएकोमा २ ओटामा बालविवाह रोकिएको थियो, एउटामा कारवाही भएन, २ जनाले सफाई पाएका थिए भने अन्य १६ जनामाथि कारवाही भएको थियो। सन २०२४ को जुनसम्म बालविवाहको फरक २ घटनामा सुरुङ्गा नगरपालिका-३ दौलतपुरकी ४२ वर्षीया महिला असार ४ गते र राजविराज नगरपालिका-१६ का ३४ वर्षीय युवक जेठ १८ गते गिरफ्तार भएका छन्।

विवाहमा लेनदेन १ घटनामा वैशाख १४ गते गिरफ्तार भएका खडक नगरपालिका-१० फुलबडियाकी ४२ वर्षीया महरुन खातुन न्यायाधीश तिलकबहादुर कार्कीको इजलाशबाट २०८१ जेठ ८ गते ५० हजार रुपियाँ धरौटी राखी पुर्पक्षका लागि तारेखमा रिहा भइन्। अदालतमा हाजिर भएका अन्य आरोपितहरु जेठ २१ र २३ गते धरौटीमा रिहा भए। हाजिर भएका बालक जेठ २८ गते संरक्षकको जिम्मामा रिहा भए। सुरुङ्गा नगरपालिका-७ हरिपुरकी ४५ वर्षीया महिलालाई उनका ४२ वर्षीय देवरसँग २०८१ जेठ १३ गते जबर्जस्ती विवाह गराई गाउँनिकाला गरिएको १ घटना पनि अभिलेख गरिएको छ। विवाहित रहेका दुबैलाई अनैतिक सम्बन्धको आंशकामा पञ्चायती बसी महिलाको सिउँदोमा सिन्दुर हाल्न लगाएर गाउँ निकाला गरिए पछि उनीहरु सम्पर्कविहिन छन्।

पूर्वबाट पश्चिमतर्फ जादै गरेको बा.प्र. ०१-००६ ख ५८८४ नम्बरको वान प्लस गाडीको सिसा २०८० माघ १ गते राति सुरुङ्गा नगरपालिका-५ कुशहा टोलमा ढुङ्गाले प्रहार गरी फुटाएर सम्पत्ति क्षति गरेको आरोपमा गिरफ्तार सोही ठाउँका ३० वर्षीय चङ्खे भनिने रबिनकुमार पासवान र उनका भाइ २७ वर्षीय मनोजकुमार पासवान न्यायाधीश नविनकुमार जोशीको इजलाशबाट माघ १० गते १० हजार रुपियाँ धरौटी राखी पुर्पक्षका लागि तारखेमा रिहा भएका छन्। जिप्रकाको भ्यान र मोटरसाइकलमा २०८१ असार १० गते ढुङ्गामुढा गरी फुटाउनुका साथै ३ प्रहरीलाई घाइते बनाएको आरोपमा ३ आरोपितहरु घटनास्थलबाट गिरफ्तार भए। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत यस्तै किसिमका ४ ओटा घटना सन २०२३ मा अभिलेख गरिएको थियो।

गैरराज्य पक्षबाट कुटपिट भएको घटनामा राष्ट्रिय स्वतन्त्र पार्टीका राजविराज नगर अध्यक्ष ३३ वर्षीय खेलानन्द दासलाई २०८१ चैत ५ गते राजविराज नगरपालिकाका निलम्बित मेयर राजविराज नगरपालिका-९ का ५८ वर्षीय भिमराज यादवलगायतकाले कुटपिट गरेको घटना, सुरुङ्गा नगरपालिका-६ कडरबोनाका ७७ वर्षीय ननकेश्वर राम मोचीलाई २०८० चैत १२ गते उनकै छोरा ५० वर्षीय लखन राम र नाती २८ वर्षीय राजेशकुमार रामले कुटपिट गरेको घटना र राजविराज नगरपालिका ८ हिमालय टोलका ५३ वर्षीय नारायण साहु रौनियार र उनकी पत्नी ५० वर्षीया मुन्ना कुमारी गुप्तालाई ०८१ वैशाख ९ गते उनीहरुका छोरा २८ वर्षीय चन्दन कुमार गुप्ताले अपशब्द गालीगलौज गरी अभद्र व्यवहार गरेको घटना अभिलेखित छ। जसमा दासको उजुरी दर्ता भएन।

बालबालिका कटपिटको घटनामा बोदे बर्साइन नगरपालिका-५ स्थित माउण्ट एभरेष्ट पाराडाइज एकेडेमीमा कक्षा ४ मा अध्ययनरत ११ वर्षीय बालकलाई २०८० चैत ९ गते विज्ञान शिक्षक बोदे बर्साइन नगरपालिका-५ का कमल यादवले कालो पाइपले कुटपिट गरेको घटना अभिलेखित छ। बालक कुटने शिक्षकले क्षमायाचना गरेपछि सहमति भएको छ। बलान बिहुल गाउँपालिका-३ दुधैला टोलकी ६२ वर्षीया शान्ति देबी साहलाई २०८० पुस १५ गते उनकै छोरा ३६ वर्षीय सुरेन्द्र कुमार साहले अपशब्द गालीगलौज र कुटपिट गरेको घटना, शम्भुनाथ नगरपालिका ११ की ३५ वर्षीय प्रभाकुमारी चौधरीलाई चैत १४ गते उनी कार्यरत अग्निसाइर कृष्णसवरन गाउँपालिका- ५ महुलीस्थित महुली लघुवित्त वित्तिय संस्था लिमिटेड महुली शाखा कार्यालयमा कुटपिट गरेको घटना, हकनपा-१४ विसनपुरकी २९ वर्षीया रेखादेबी रामलाई २०८१ जेठ २ गते सोही ठाउँका उनका जेठाजु नाताका व्यक्तिले बाँसको भाटाले कुटपिट गरेको घटना अभिलेख गरिएको छ। महिला घटनाका ३ ओटैमा उजुरी दर्ता भएर कारवाही प्रकृयामा छ।

सन २०२३ मा पत्रकार, अधिकारकर्मी र सामाजिक अभियानकर्मीमाथि राज्य र गैरराज्य पक्षबाट कुटपिट र दुर्व्यवहारका घटनापछि पत्रकारहरू स्थानीय प्रशासनविरुद्ध सडकमा प्रदर्शनमा उत्रिए। पत्रकार तथा इन्सेक प्रतिनिधिमाथि ०८० साउन १५ गते जिप्रकामा भएको कुटपिट घटनाका आरोपित असईलाई आन्तरिक कारवाही गर्दै प्रहरीले भदौ २८ गते २ वर्ष बढुवा रोक्का गर्ने निर्णय गऱ्यो। अन्य घटनाहरुमा गैरराज्य पक्ष, प्रहरी र सिडिओले गल्ती स्विकार गरे। यो वर्षको सुरुको ६ महिनामा त्यस्ता घटना सार्वजनिक भएका छैनन्। सन २०२३ मा घरेलु हिसाका ४५ घटना नमूनाका रूपमा अभिलेख थियो। यो वर्षको जुनसम्म २१ ओटा घटना अभिलेख गरिएको छ। जसमा अधिकांश प्रहरी कार्यालयबाट सहमति हुन नसकी अदालतमा परेको उजुरीहरु छन्।

| सप्तरीमा | सन २०२३ जनवरीदेखि डिसेम्बरसम्म | सन २०२४ को जुनसम्म |
|---|---|---|
| हत्या | १९ (पुरुष १० महिला ७ बालबालिका २) | ९ (७ पुरुष २ महिला) |
| राज्यबाट कुटपिट र दुर्व्यवहार | ३ | १ |
| गैरराज्यबाट कुटपिट र दुर्व्यवहार | ९ | ३ |
| आत्महत्या दुरुत्साहन | ५ | ० |
| बालिका बलात्कार | २२ | १२ |
| बालिका यौन दुरूपयोग | २ | ० |
| बालविवाह | ९ | २ |
| बालिका अपहरण | १ | ० |
| बालिका बेपत्ता | १ | ० |
| बालबालिका कुटपिट | ४ | १ |
| बालबालिकामाथि अभद्र व्यवहार | १ | ० |
| महिला बलात्कार | २१ | २ |
| महिला वैवाहिक बलात्कार | १ | १ |
| महिलामाथि बलात्कार प्रयास | ५ | १ |
| महिला गर्भपतन | २ | ० |
| महिलामाथि अमानविय व्यवहार | ४ | ० |
| महिला अपहरण | १ | ० |
| महिलामाथि यौन दुर्व्यवहार | १ | २ |
| मानव बेचविखन | १ | १ |
| महिलामाथि कुटपिट, अपमानजनक व्यवहार | २ | ३ |
| बहुविवाह | १८ | ७ |
| घरेलु हिसा | ४५ | २१ |
| गाउँनिकाला | ० | १ |
| विवाहमा लेनदेन | ० | १ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | ४ | २ |
| जम्मा घटना | १८१ | ७० |


# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्नवा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

## अनुरोधकर्ता

## खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी

# १८ वर्षिय किशोरदेखी ७५ वर्षिया बृद्धागरि ९ जनाको हत्या

**राजविराज**/सप्तरीमा ६ महिनाको अवधीमा ९ जनाको हत्या भएको छ । यसरी हत्या गरिएका मध्ये १८ वर्षिय किशोरदेखी ७५ वर्षिया बृद्धासम्म ७ पुरुष र २ महिला छन् ।

उक्त हत्या घटनाको आरोपित मध्ये एक जना सशस्त्र प्रहरी, १ मृतकका छोरा र ३ जना मृतककै साथी पक्राउ परी हाल पुर्पक्षका लागि थुनामा छन् भने १६ जना आरोपित अझै फरार रहेका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सप्तरीले शुक्रबार आयोजना गरेको “नेपाल मानव अधिकार वर्ष पुस्तकको अर्द्धवार्षिक पूर्व समिक्षा” गोष्ठीमा यस्तो तथ्याङ्क सार्वजनिक गरिएको हो ।

इन्सेक जिल्ला प्रतिनिधि मनोहर कुमार पोखरेलद्वारा प्रस्तुत सन् २०२४ को ६ महिने प्रतिवेदनमा जिल्लामा बैवाहिक बलात्कारको एक वटा घटना समेत भएको छ । २१ वर्षिया एक महिलाले बैवाहिक बलात्कार भएको भन्दै उजुरी दिएकी थिइन् । सोही उजुरीको आधारमा पक्राउ परेका उनका २८ वर्षिय पतिलाई सप्तरी जिल्ला अदालतले पूर्पक्षका लागि राजविराज कारागार पठाएको छ ।

यस्तै सोही अवधीमा बालिका बलात्कारका १२ घटना भएका छन् । बलात्कार घटनामा १४ देखी १७ वर्ष उमेर समूहकी बालिकाहरु पीडित भएका छन् । जसमध्ये १ जना अपाङ्गता भएको बालिकासमेत छिन् । यसरी बलात्कार घटनामा संलग्न रहेका आरोपी मध्ये ३ जना पूर्पक्षका लागि थुनामा, १ जना बालसुधार गृहमा र ६ जना अझै फरार रहेको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै ६ महिनाको अवधीमा बहुविवाहका ७ र बालविवाहका ९ घटना भएको प्रतिवेदनले देखाएको छ । यस्तै देवरसँग बिवाह गराई भाउजुसहित दुबै जनालाई गाउँ निकाला गरिदिएको १ र घरेलु हिसाका २१ वटा घटना भएको प्रतिवेदनले देखाएको छ ।

गोष्ठीमा सप्तरी जिल्ला अदालतका प्रमुख न्यायाधिश दिपकप्रसाद दाहाल, प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्य, सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र यादव, नेकपा एमालेका सचिव देवनाथ यादव, जनमत पार्टीका इन्चार्ज रामगमन साह, जिल्ला न्यायाधिवक्ता गोकुलप्रसाद निरौला, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, महिला मानवअधिकार रक्षक संजालकी अध्यक्ष अनिता देवकोटा, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव लगायतले जिल्लामा भएका आपराधिक घटनाहरुप्रति चिन्ता व्यक्त गर्दै अपराध नियन्त्रण र सुरक्षित समाज निर्माणका लागि सबै सरोकारवालाले मिलेर काम गर्नु पर्नेमा जोड दिएका थिए ।

# घाइते युवकको उपचारका क्रममा मृत्यु

**राजविराज**/बकर इदको दिन राजविराज वडा नं. ४ स्थित माछा हटियामा फलामे हतियारको प्रहारबाट घाइते भएका एक युवकको उपचारका क्रममा मृत्यु भएको छ ।

दुई पक्षबीच भएको झडपमा घाइते भएका राजविराज नगरपालिका वडा नं. ४ निवासी ३२ वर्षीय ओरेन्जेब मियाँको शुक्रबार उपचारका क्रममा विराटनगरस्थित नोवेल अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृतक मिया राजविराज नगरपालिका वडा न.२ राजदेबी टोलस्थित रोयल इनफिल्ड अटोमोबाइलका प्रोप्राइटर हुन । मृतकका श्रीमती र काखे शिशुसहित दुई नाबालक सन्तान छन् ।

मृतकका बुबा हबिब मियाले दिएको उजुरीका आधारमा आरोपित राजविराज नगरपालिका वडा न.३ का ४६ वर्षीय मो. नसिर पक्राउ परेका छन् । अन्य आरोपितहरू राजविराज नगरपालिका वडा न.३ का ३५ वर्षीय मो. इर्शाद, राजविराज २ का २७ वर्षीय असलम मिया र जिल्लाकै राजगढ गाउँपालिका ६ का २५ वर्षीय मो. मिन्टु फरार रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाइनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारवाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुदर्छ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

जनहितका लागि
डाक्नेश्वरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी


# अन्तर्राष्ट्रिय समाचार

## पानामा पेपर्स मुद्दामा २८ प्रतिवादीलाई सफाई

**पानामा सिटी**/पानामाको एक अदालतले ‘पानामा पेपर्स’ अन्तर्राष्ट्रिय कर छली काण्डको केन्द्रबिन्दु रहेको कानुनी संस्था (ल फर्म) मोसाक फोन्सेकामा सम्पत्ति शुद्धिकरण (मनी लाउन्ड्रिङ)को आरोप लागेका २८ जनालाई शुक्रबार सफाइ दिएको छ ।

सफाइ पाउनेमा कम्पनीका संस्थापक जर्गेन मोसाक र रेमन फोन्सेका पनि रहेका छन् । रेमनको मे महिनामा पानामाको एक अस्पतालमा मृत्यु भइसकेको छ । गत अप्रिलमा पानामा सिटीमा भएको सुनवाइका क्रममा अभियोजन पक्षले दुवैलाई १२ वर्षको जेल सजाय माग गरेको थियो ।

न्यायाधीश बालोइसा मार्क्विनेजले कानुनी ल फर्मको सर्भरबाट लिइएको प्रमाण प्रक्रियाअनुसार सङ्कलन नगरिएको पाइएपछि उक्त जोडी र अन्य २६ जनालाई सफाइ दिनुभएको छ । ‘बाँकी प्रमाणहरू प्रतिवादीहरूको आपराधिक जिम्मेवारी निर्धारण गर्न पर्याप्त र निर्णायक नभएको’ फैसला न्यायाधीशबाट भएको अदालतद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

सन् २०१६ मा मोसाक फोन्सेकाबाट चुहावट भएका कागजातहरूले विश्वका कति धनाढ्यहरूले अफशोर कम्पनीहरूमा सम्पत्ति लुकाएका थिए भन्ने खुलासा गरेको थियो । बेलायतका पूर्वप्रधानमन्त्री डेभिड क्यामरून, रूसी राष्ट्रपति भ्लादिमिर पुटिन, फुटबल स्टार लियोनल मेस्सी, अर्जेन्टिनाका तत्कालीन राष्ट्रपति माउरिसियो म्याक्री र स्पेनी फिल्म निर्माता पेड्रो अल्मोडोभरलगायतलाई पनि मुद्दा चलाइएको थियो ।

पनामाका अभियोजकहरूले मोसाक र फोन्सेकाले अपारदर्शी कम्पनीहरू सिर्जना गर्न मद्दत गरेको आरोप लगाएका थिए । कम्पनीमा जर्मन बहुराष्ट्रिय सिमेन्सका अधिकारीहरूले कम्पनीको आधिकारिक खाताभन्दा बाहिर लाखौं यूरो जम्मा गरेका थिए । उनीहरूमाथि अर्जेन्टिनामा भएको ठूलो ठगीबाट पैसा फिक्न सहयोग गरेको आरोप पनि लगाइएको थियो।

मोसाक र अन्य प्रतिवादीका वकिल गुइलेर्मिना म्याकडोनाल्डले एएफपीसँग भन्नुभयो, “न्याय भएको छ, हामी न्यायाधीशको फैसलाबाट अत्यन्त सन्तुष्ट छौं ।” उहाँले भन्नुभयो, “तर, हामी अलि दुःखी छौं सुनुवाईका क्रममा हामीले रेमन फोन्सेकालाई गुमाएका छौं र उहाँले यो नतिजा देख्न सक्नुभएन । यसप्रति हामी दुःखी छौं ।”

‘इन्टरनेसनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नलिस्ट्स (आईसीआईजे)’ ले सन् २०१६ को अप्रिल ३ मा ‘पानामा पेपर्स’ प्रकाशन सुरु गरेको आठ वर्षपछि यो मुद्दाको सुनुवाइ सुरु भएको हो । मोसेक फोन्सेकाबाट एक करोड १५ लाख भएका कागजातमा आधारित यो अनुसन्धानले विश्वभरका व्यक्तित्वहरूले कर छल्न वा सम्पत्ति शुद्धीकरण गर्न सम्पत्ति, कम्पनी, सम्पत्ति र मुनाफा कसरी लुकाएको छन् भन्ने खुलासा गरेको छ । अनुसन्धानअनुसार, यसका लागि उनीहरूले केही अवस्थामा अवैध गतिविधिहरूबाट आएको फर्ममार्फत् कम्पनीहरू सिर्जना गरेको, बैंक खाता खोलेको र पैसा लुकाउन धेरै देशहरूमा उप शाखा (फाउन्डेसन) हरू सिर्जना गरेको देखिएको छ ।

यस काण्डले मोसाक फोन्सेकालाई बन्द गरायो र पानामाको अन्तर्राष्ट्रिय छविलाई अपतटीय कर छलिका रूपमा व्याख्या गरिएको थियो । अपतटीय कम्पनीहरू आँफैमा अवैध छैनन्, र तिनीहरूलाई प्रयोग गर्नका लागि धेरै वैध कारणहरू छन् । तर तिनीहरूलाई आपराधिक गतिविधिबाट प्राप्त आयलाई शुद्धीकरण गर्न वा दुरुपयोग वा राजनीतिक रूपमा असुविधाजनक सम्पत्ति लुकाउन पनि प्रयोग गर्न सकिन्छ ।

“वास्तवमा त्यहाँ ठूलो अन्याय भएको छ,” मोसाकले सुनवाई को समापन पछि भन्नुभयो । “मेरो साथी र मसँग काम गर्ने सबै व्यक्ति गम्भीर, इमानदार र सही थिए,” उहाँले अगाडि भन्नुभयो । एजेन्सी

## पटाका कारखानामा विष्फोट हुँदा चार जनाको मृत्यु

**नयाँदिल्ली**/भारतको दक्षिणी राज्य तमिलनाडुको एउटा पटाका कारखानामा शनिबार भएको विस्फोटमा कम्तीमा चार जनाको मृत्यु हुनुका साथै अन्य केही घाइते भएका अधिकारीले बताएका छन् । विस्फोट तमिलनाडुको राजधानी चेन्नईबाट ५५३ किलोमिटर दक्षिणपश्चिममा रहेको विरुधुनगर जिल्लाको सतूर नजिकैको बन्दुवरपट्टी गाउँमा भएको थियो ।

प्रहरीका अनुसार विस्फोट हुँदा दर्जनौं व्यक्ति कारखानामा काम गरिरहेका थिए । विस्फोटका कारण कारखानामा आगो लागेको थियो । घटनालगत्तै आगो नियन्त्रणका लागि दमकल तथा उद्धारकर्मी घटनास्थलमा पुगेका थिए ।

कारखानामा १५ वटा कोठा रहेको अधिकारीहरूले बताएका छन् । यसमध्ये कम्तीमा तीन वटा आगोले पूर्णरूपमा जलेर नष्ट भएका छन् । प्रहरीले विस्फोटको अनुसन्धान सुरू गरेको छ । एजेन्सी

## लद्दाखमा ट्याङ्क दुर्घटनामा पाँच सेनाको मृत्यु

**लद्दाख**/लद्दाखको दौलत बेग ओल्डी क्षेत्रमा शुक्रवार साँझ सेनाको ट्याङ्क (लडाईमा प्रयोग हुने गाडी) दुर्घटना हुँदा पाँच भारतीय सेनाको मृत्यु भएको छ । सबै पाँच जनाको शवलाई घटनास्थलबाट निकाली आवश्यक अन्तिम परीक्षणका लागि पठाइएको छ । परीक्षणपछि शवलाई मृतकका आफन्तलाई बुझाइने सुरक्षा अधिकारीले बताएका छन् ।

सेनाले सञ्चालन गरेको टी-७२ ट्याङ्क नदी पार गर्ने अभ्यासका क्रममा दुर्घटनामा परेको थियो । पानीको सतह शुक्रवार अचानक बढेका कारण दुर्घटना भएको रक्षा अधिकारीले बताए । “घटनाको समयमा ट्याङ्कमा एक जुनियर कमिश्नर अफिसर र चार जवान गरी पाँच सिपाहीहरू थिए । एजेन्सी

# मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

**राजविराज**/सप्तरीको विष्णुपुर गाउँपालिका १ खुरहुरिया टोलस्थित हुलाकी सडक खण्डमा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको ज्यान गएको छ।

राजविराजबाट पत्थरगाडातर्फ जाँदै गरेको स.८ प २४१९ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ५७ वर्षीय प्रमेश्वर यादवको शुक्रबार राति ज्यान गएको हो।

ठक्करबाट गम्भीर घाइते भएका उनको छिन्नमस्ता अस्पताल राजबिराजमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यस्तै जनकपुर उपमहानगरपालिका १४ स्थित सडकमा पिडारी चोकबाट लक्ष्मिनियातर्फ जाँदै गरेको ज.३ प ५८३ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको ज्यान गएको छ।

जनकपुर उपमहानगरपालिका-१४ सडक डिभिजन कार्यालय जनकपुरमा कार्यरत सर्लाही हरपुर्वा गाउँपालिका घर भएका ५८ वर्षीय प्रवेश राउतको शनिबार दिउँसो ज्यान गएको हो।

ठक्करबाट गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

# मुख्यमन्त्री सिंहले असार २१ मा विश्वासको मत लिने

**जनकपुर**/मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले असार २१ गते विश्वासको मत लिने भएका छन्। उनलाई प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले गत जेठ २५ गते मुख्यमन्त्रीमा नियुक्त गरेकी थिइन्।

संविधानको धारा १६८ (४) अनुसार मुख्यमन्त्री नियुक्त भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ।

तत्कालीन मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशसभाबाट बहुमत प्राप्त नगरेपछि जनमत पार्टीका सिंह बहुमत सदस्यको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए।

मुख्यमन्त्री सिंहलाई एमाले, माओवादी, जनमत, एकीकृत समाजवादी, नागरिक उन्मुक्ति र नेपाल सङ्घीय समाजवादी पार्टीका गरी ५५ जना प्रदेशसभा सदस्यले समर्थन गरेका छन्।


# बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : नवीन साप्ताहिक**


# वैदेशिक रोजगार मागपत्रको प्रमाणीकरण 'अनलाइन'बाट

**काठमाडौं**/आगामी साउन १ गतेदेखि वैदेशिक रोजगार मागपत्रको प्रमाणीकरण अनलाइन प्रणालीबाट हुने भएको छ।

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले शुक्रबार साँझ विदेशस्थित नेपाली नियोगका प्रमुख तथा कर्मचारीका लागि आयोजित अभिमुखीकरण कार्यक्रममा उक्त जानकारी दिँदै सोहीअनुरुप गर्न निर्देशन दिए।

नयाँ व्यवस्थाअनुसार रोजगारदाता कम्पनीले नेपालबाट कामदार लैजाने नियोगसमक्ष पेस गरेका कागजात साउन १ गतेदेखि अनलाइनबाटै प्रमाणीकरण हुने भएकाले सेवाप्रवाह प्रभावकारी हुनेछ।

सरकारले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा यस सेवालाई आबद्ध गरी नयाँ व्यवस्था लागू गर्न लागेको हो। खाडीमुलुक एवं मलेसियालगायत नेपाली कामदार माग हुने अन्य देशमा रहेका नेपाली राजदूतावासले साउन १ गतेदेखि मागपत्र प्रमाणीकरण अनिवार्यरुपमा अनलाइनमार्फत गर्नुपर्ने बताए।

परराष्ट्रमन्त्री श्रेष्ठले समस्यामा परेका नेपाली नागरिकको खोजतलास, उद्धार, ज्यान गुमाएकाको शव फिकाउने, राहत एवं क्षतिपूर्ति, गुनासो सम्बोधनलगायत अनलाइन सेवालाई सबै नियोगले अनिवार्य रूपमा प्रयोग गर्न निर्देशन दिए।

# सेनेटरी प्याड प्रकरणमा पाँचै जना आरोपितले पाए सफाई

**राजविराज**/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको रुपनी गाउँपालिकामा छात्राहरुले सेनेटरी प्याड खरीद र भुक्तानीमा भ्रष्टाचार भएको भन्दै दायर गरेको मुद्दामा मंगलबार आरोपितहरुलाई विशेष अदालतले सफाई दिएको छ।

रुपनी गाउँपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत अरविन्दकुमार चौधरी, लेखा अधिकृत श्यामसुन्दर यादव, माध्यमिक तह शिक्षक श्यामप्रसाद यादव, नायब सुब्बा सुजन दाहाल र लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स राजविराजका ललिताकुमारी साहसमेत पाँच जनाविरुद्ध अख्तियारले २०८० साल माघ ११ गते विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

खुद्रा मूल्यभन्दा दुई गुणा बढी रकममा सेनिटरी प्याड खरिद गरेर १७ लाखभन्दा बढी रकम हिनामिना गरेको अख्तियारले उनीहरूविरुद्ध आरोप लगाउँदै मुद्दा दायर गरेको थियो। गाउँपालिकासँग मिलोमतो गरी सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खुद्रा मूल्यभन्दा दुई गुणा बढी रकममा सेनिटरी प्याड खरिद गरेको भनि आयोगमा उजुरी परेको थियो।

आर्थिक वर्ष ०७७/०७८ मा मिलोमतोमा लागत अनुमान नै तयार नगरी नगराई ९ लाख ११ हजार ९ सय २५ रुपैयाँमा खरिद भएको सेनिटरी प्याडको मूल्य १७ लाख ८५ हजार ९ सय २८ देखाई भुक्तानी गरिएको अख्तियारको आरोप थियो।


## डेंगीबाट कसरी बच्ने ?

**बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।**

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्‌मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिबाह स्वत:बदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**



**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*